# निक्षेप तथा कर्जा सुरक्षण कोष
## सुरक्षण योगदानमा आधारित कर्जाको पोर्टफोलियो सुरक्षण योजना, २०८२

स्वीकृत मितिः-२०८२/१२/११

**प्रस्तावनाः** साना तथा मझौला उद्यमको विकास तथा प्रवर्द्धन मार्फत उत्पादकत्व अभिवृद्धि एवं रोजगारीको सृजना गर्नको लागि सरल एवं सहज रुपमा बैंक कर्जाको उपलब्धता सुनिश्चित गर्ने उद्देश्यले,

कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ३५ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी निक्षेप तथा कर्जा सुरक्षण कोषले देहायको **सुरक्षण योगदानमा आधारित कर्जाको पोर्टफोलियो सुरक्षण योजना, २०८२** बनाई लागू गरेको छ।

१. **योजनाको संक्षिप्त नाम र प्रारम्भः** (१) यस योजनाको नाम "**सुरक्षण योगदानमा आधारित कर्जाको पोर्टफोलियो सुरक्षण योजना, २०८२**" रहेको छ।

(२) यो योजना कोषको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस योजनामा,–

(क) "कर्जा" भन्नाले यस योजना अन्तर्गत सदस्य संस्थाले प्रवाह गरेको कर्जाको बाँकी साँवा तथा सोको व्याज समेतलाई जनाउँछ।

(ख) "कोष" भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोष सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले कर्जा सुरक्षण नियमावली, २०७५ सम्झनु पर्छ।

(घ) "योगदानकर्ता" भन्नाले सुरक्षण योगदान कोषमा रकम योगदान गर्ने नेपाल सरकार, नेपाल सरकार अन्तर्गतका निकाय तथा संगठित संस्था, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय वा विकास साझेदार सम्झनु पर्छ।

(ङ) "सदस्य संस्था" भन्नाले कोषसँग सम्झौता गर्ने इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ।

(च) "समिति" भन्नाले कोषको सञ्चालक समिति सम्झनु पर्छ।

(छ) "सुरक्षण योगदान कोष" भन्नाले दफा ८ बमोजिमको सुरक्षण योगदान कोष सम्झनु पर्छ।

३. **सम्झौता गर्नुपर्नेः** (१) नियमावलीको नियम ३४ को अधीनमा रही यस योजना बमोजिम कर्जा सुरक्षण गर्न चाहने बैङ्क तथा वित्तीय संस्थाले अनुसूची -१ बमोजिमको ढाँचामा कोषसँग सम्झौता गर्नुपर्नेछ।

(२) कोषले यस योजना बमोजिम सुरक्षण योगदान कोष स्थापनाको लागि योगदानकर्तासँग अनुसूची -२ बमोजिमको ढाँचामा छुट्टाछुट्टै सम्झौता गर्नु पर्नेछ।

४. **<u>सुरक्षण हुने कर्जा प्रवाहको क्षेत्र तथा व्यवसायः</u>** यस योजना बमोजिम योगदानकर्ताले तोकेको क्षेत्र तथा व्यवसायसँग सम्बन्धित साना तथा मझौला उद्यमको लागि प्रवाहित कर्जा कोषले सुरक्षण गर्न सक्नेछ।

५. **<u>सुरक्षण हुने कर्जा रकमको सीमाः</u> (१)** यस योजना बमोजिम कर्जा सुरक्षण गर्दा दफा ४ बमोजिम तोकिएको क्षेत्र तथा व्यवसायमा प्रवाह गरेको तीन करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण गरिनेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षण हुने कर्जा रकम एक करोड रुपैयाँभन्दा बढी भएमा वा कोषमा सुरक्षण गरेको कर्जाको ऋणीलाई कोषको सुरक्षण नहुने गरी अन्य कर्जा प्रवाह गरिने भएमा कर्जा प्रवाह गर्नुअघि कोषको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृति नलिएको कर्जा कोषले सुरक्षण गर्ने छैन।

(४) उपदफा (२) बमोजिम कर्जा सुरक्षणको स्वीकृति माग भएमा कोषले त्यस्तो स्वीकृति माग भएको मितिले सात कार्य दिन भित्र स्वीकृति दिने नदिने सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

६. **<u>कर्जा प्रवाह, अवधि र असुली प्रक्रियाः</u>** यस योजना बमोजिम सुरक्षण हुने कर्जा प्रवाह, अवधि तथा असुली प्रक्रिया बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

७. **<u>कर्जाको धितोः</u>** (१) यस योजना बमोजिम सुरक्षण हुने कर्जाको धितो सम्बन्धी व्यवस्था बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

(२) सदस्य संस्थाले ऋणीको परियोजनासँग सम्बन्धित भौतिक सम्पत्तिको प्रचलित कानून बमोजिम कोष समेतको सुरक्षणहित स्थापित हुने गरी बीमा गराउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि परियोजनासँग सम्बन्धित भौतिक सम्पत्तिको मूल्य कर्जा सीमा भन्दा कम भएको अवस्थामा त्यस्तो सम्पत्तिको मूल्य मात्र खाम्ने गरी बीमा गराउन बाधा पर्ने छैन।

८. **<u>सुरक्षण योगदान कोषः</u>** (१) यस योजना बमोजिमको कर्जाको सुरक्षणको लागि योगदानकर्ता र कोषबिचको सम्झौतामा उल्लेख भए बमोजिम हुने रकमको एक सुरक्षण योगदान कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषको स्थापना गर्दा कोषको पर्याप्तता अनुपात कोषको तत्काल कायम कर्जा सुरक्षण कोष पर्याप्तता अनुपात भन्दा कम नहुने गरी कायम गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा योगदानकर्ताले योगदान गरेको रकमको छुट्टाछुट्टै हिसाब राखिनेछ।

(४) उपदफा (१) बमोजिमको सुरक्षण योगदान कोषको परिचालन कोषको लगानी विनियमावली बमोजिम गरिनेछ। यसरी कोषको परिचालनबाट आर्जित व्याज रकममा प्रचलित कानून बमोजिमको संस्थागत आयकर (हालको दर ३०%) कट्टी गरी बाँकी रकम सुरक्षण योगदान कोषमा नै पूँजीकरण गरिनेछ।

(५) सुरक्षण योगदान कोषमा कायम मौज्दात यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जाको क्षतिपूर्ति दावी भुक्तानीमा प्रयोग गरिनेछ।

(६) उपदफा (१) बमोजिमको कोषमा रकम जम्मा गर्दा योगदानकर्ताहरूले अनुमानित कर्जा पोर्टफोलियोको आधारमा सम्झौता पत्रमा उल्लिखित दरले एकमुष्ट वा त्रैमासिक रुपमा जम्मा गर्न सक्नेछन।

(७) सुरक्षण योगदान कोषमा रहेको सुरक्षण योगदान रकममध्येबाट यस योजना बमोजिमको दायित्व भुक्तानी पश्चात बाँकी रहेमा सो रकम सम्झौता बमोजिम योगदानकर्ताले कोष मार्फत सञ्चालन गर्ने अन्य योजना तथा कार्यक्रमका लागि उपयोग गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम अन्य योजना तथा कार्यक्रममा पनि सो रकम उपयोग नभएमा सम्झौता बमोजिम योगदानकर्तालाई फिर्ता गरी सुरक्षण योगदान कोष खारेज गरिनेछ।

९. <u>व्यवस्थापन शुल्कः</u> (१) दफा (८) बमोजिमको सुरक्षण योगदान कोषको संचालन तथा व्यवस्थापन गरे वापत योजना बमोजिम हुने कर्जा लगानी रकमको वार्षिक शुन्य दशमलब दुई प्रतिशत (०.२%) मा नघट्ने गरी योगदानकर्तासँगको सम्झौतापत्रमा उल्लेख भएको दरमा त्रैमासिक रुपमा सुरक्षण योगदान कोषको मौज्दातबाट कोषले व्यवस्थापन शुल्क असूल गर्नेछ।

१०. <u>सुरक्षण शुल्कः</u> (१) यस योजना बमोजिम सुरक्षण हुने कर्जाको वार्षिक सुरक्षण शुल्क सुरक्षित कर्जामा अन्तरनिहित जोखिम समेतलाई दृष्टिगत गरी समय समयमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सुरक्षण शुल्क कुल वार्षिक सुरक्षण शुल्कको एक चौथाइका दरले त्रैमासिक रुपमा उक्त अवधि समाप्त भएको दश दिनभित्र कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कोषमा बुझाउनु पर्नेछ।

(३) सुरक्षण शुल्कको गणना गर्दा त्रैमासको अन्त्यमा भुक्तानी हुन बाँकी कर्जाको साँवा र ब्याजको कुल रकममा गर्नु पर्नेछ।

(४) यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जाको सुरक्षण शुल्क त्यस्तो कर्जाको दाबी मिति वा अन्तिम भुक्तानी मिति जुन पहिले हुन्छ सो मिति पश्चात बुझाउनु पर्ने छैन।

(५) उपदफा (१) बमोजिमको सुरक्षण शुल्क नियमित नबुझाएमा कर्जाको सुरक्षण नहुने र सोको दावी भुक्तानी समेत हुने छैन।

(६) उपदफा (१) बमोजिमको सुरक्षण शुल्क उपदफा (२) बमोजिमको अवधिमा बुझाउन छुट भएमा त्यसरी छुट भएको मितिबाट छ महिना भित्र छुट सुरक्षण शुल्क बुझाउन सक्नेछन्।

(७) यस योजनामा तोकिएका कुनै कारणले कर्जा सुरक्षण नहुने भएमा वा अस्वीकृत क्षतिपूर्ति दावी पुनः दावी माग गर्दा समेत अस्वीकृत भएमा वा कर्जा चुक्ता भई दावी गर्नुपर्ने अवस्था नरहेमा सदस्य संस्थाले भुक्तानी गरिसकेको सुरक्षण शुल्क फिर्ता हुने छैन।

(८) उपदफा (१) बमोजिमको सुरक्षण शुल्कमध्ये प्रचलित कानून बमोजिमको संस्थागत आयकर (हालको दर ३०%) कट्टी गरी बाँकी रकम दफा ८ बमोजिमको सुरक्षण योगदान कोषमा पूँजीकरण गरिनेछ।

११. **कर्जाको विवरण पठाउनु पर्नेः** (१) यस योजना बमोजिम सुरक्षण हुने कर्जाको मासिक विवरण नियमावलीको अनुसूची-१३ बमोजिमको ढाँचामा कर्जा वर्गीकरण समेत उल्लेख गरी सदस्य संस्थाले महिना समाप्त भएको दश कार्यदिनभित्र कोषमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणमा यस योजना अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जाको विवरण समावेश भएको हुनु पर्नेछ।

(३) कोषले सदस्य संस्थाबाट प्राप्त विवरणको आधारमा यस योजना बमोजिम सुरक्षित कर्जाको प्रगति प्रतिवेदन सम्बन्धित योगदानकर्तालाई त्रैमासिक रुपमा अनुसूची-३ बमोजिमको ढाँचामा जानकारी दिनु पर्नेछ।

१२. **क्षतिपूर्ति दाबी भुक्तानीः** (१) यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जा नेपाल राष्ट्र बैंकको कर्जा वर्गीकरण सम्बन्धी व्यवस्था अनुसार कमसल वर्गमा वर्गीकृत भएको र सो मितिले ३ महिनासम्म नियमित नभएको अवस्थामा सदस्य संस्थाले कोषमा क्षतिपूर्ति दावी भुक्तानी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दावी गर्दा सम्बन्धित कर्जा दावी योग्य भएको मितिले छ महिनाभित्र अनुसूची - ४ बमोजिमको ढाँचामा अनुसूची - ५ बमोजिमको विवरण सहित भुक्तानी दावी पत्र कोषमा पेश गरिसक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दावी गर्दा सदस्य संस्थाले कर्जाको बाँकी साँवा र अधिकतम दुई त्रैमाससम्मको बाँकी व्याज दावी गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको क्षतिपूर्ति माग दावीको पन्चानब्बे प्रतिशतले हुन आउने रकम कोषले दावी माग प्राप्त भएको मितिले तीस कार्यदिनभित्र भुक्तानी गर्नेछ।

(५) उपदफा (४) बमोजिम कोषले क्षतिपूर्ति दावी भुक्तानी दिएको छ महिनासम्ममा कर्जाको सावाँ व्याज चुक्ता नभएमा सदस्य संस्थाले अनुसूची - ६ बमोजिमको ढाँचामा अनुसूची - ७ बमोजिमको माग फाराम सहित दोस्रो किस्ता (पाँच प्रतिशत) दावी माग गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दावी माग भएको मितिले तीस कार्यदिन भित्र कर्जाको साँवा व्याज असुल भए नभएको एकिन गरी बाँकी पाँच प्रतिशत रकम भुक्तानी दिनेछ ।

(७) उपदफा (५) बमोजिमको दोस्रो किस्ता दावी गर्दा दावी योग्य भएको मितिले छ महिनाभित्र दावी गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम दावी भुक्तानी गर्दा दफा ८ बमोजिम सुरक्षण योगदान कोषबाट भुक्तानी गरिनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस योजना अनुसार कोषले दाबी भुक्तानी गर्दा दफा ८ बमोजिम स्थापना भएको सुरक्षण योगदान कोषमा कायम रहेको मौज्दातले खामे सम्मको रकमको हदसम्म मात्र भुक्तानी गर्नेछ।

(१०) सदस्य संस्थाले उपदफा (४) बमोजिम कोषबाट प्राप्त गरेको दाबी भुक्तानी रकम सम्बन्धित ऋणीको कर्जा खातामा समायोजन गरी सो बराबरको रकमलाई ऋणीको कर्जा दायित्व कायम हुने गरी ऋणीको नाममा भुक्तानी दावी प्राप्त कर्जा शीर्षक अन्तरगत छुट्टै खाता खोली साँवा व्याज गणना तथा असूली कार्य जारी रहने गरी लेखाङ्कन गर्नु पर्नेछ।

(११) सदस्य संस्थाले कोषबाट प्राप्त क्षतिपूर्ति दावी भुक्तानी रकमलाई कोष प्रतिको दायित्व सृजना हुने गरी छुट्टै खाता खोली लेखांकन गर्नु पर्नेछ।

१३. **<u>दावी अस्वीकृत गर्न सक्नेः</u>** (१) देहायको अवस्थामा सदस्य संस्थाले पेश गरेको भुक्तानी दावी कोषले अस्वीकृत गर्न सक्नेछ।

(क) यस योजना बमोजिम भुक्तानी दावीसँग सम्बन्धित कर्जाको सुरक्षण शुल्क नियमित नबुझाएमा,

(ख) यस योजना बमोजिम दावी भुक्तानी माग गर्ने अवधिको सुरु मिति अगावै र अन्तिम मिति पश्चात माग दाबी प्राप्त भएमा,

(ग) सदस्य संस्थाले यस योजना एवं नेपाल राष्ट्र बैंकको निर्देशिका, सदस्य संस्थाको कर्जा नीति साथै सुरक्षण योगदानकर्ताले निर्धारण गरेको कर्जासँग सम्बन्धित शर्त, वा प्रचलित कानून विपरित कर्जा प्रवाह भएको देखिएमा,

(घ) भुक्तानी दावीसाथ पेश गर्नुपर्ने सम्पूर्ण कागजात पेश नगरेमा वा कोषले माग गरेको कागजात तीस दिनभित्र पेश नगरेमा,

(ङ) नियमावली, यस योजना तथा कोषसँगको सम्झौता बमोजिम कोषमा पेश गर्नुपर्ने मासिक विवरण लगातार तीन महिनासम्म नबुझाएमा,

(च) कोषले दावी भुक्तानी गरेको कर्जामा असूली भएको रकम असूली मितिले ६ महिनाभित्र पनि कोषलाई फिर्ता नगरेमा,

(२) उपदफा (१) बमोजिम दाबी अस्वीकृत भएको जानकारी पाएको मितिले ३५ दिनभित्र सदस्य संस्थाले दाबी अस्वीकृत हुनु नपर्ने मनासिव कारण सहित पुनः दाबी गर्न सक्नेछ ।

१४. **निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्ने:** (१) कोषले यस योजना बमोजिम सुरक्षणमा रहेको सदस्य संस्थाको कर्जाको विवरण यथार्थपरक रहे नरहेको यकिन गर्न सोसँग सम्बन्धित खाता र कागजात लगायतको विवरण समय समयमा माग गरी गैह्र स्थलगत सुपरीवेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सुपरीवेक्षणबाट सुरक्षणमा रहेको कर्जाको यथार्थपरक चित्रण हुन नसकेमा कोषको प्रमुख कार्यकारी अधिकृतले कोषको अधिकृतस्तरको कर्मचारीलाई स्थलगत निरीक्षण तथा अनुगमनका लागि खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थलगत निरीक्षण तथा अनुगमनका लागि खटाइएको पूर्व जानकारी कोषले बैंक तथा वित्तीय संस्थालाई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम गरिएको निरीक्षण तथा अनुगमनको प्रतिवेदन सो कार्य समाप्त भएको सात कार्यदिन भित्र कोषको प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदनमा औंल्याइएका कैफियतको गाम्भिर्यताको आधारमा कोषको प्रमुख कार्यकारी अधिकृतले सदस्य संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको निर्देशन सम्बन्धित सदस्य संस्थाले पालना गर्नु पर्नेछ र त्यस्तो निर्देशन पालना नगर्ने सदस्य संस्थासँगको कर्जा सुरक्षण सम्झौता रद्द गर्न सकिनेछ।

१५. **दाबी भुक्तानी फिर्ता गर्नु पर्ने:** (१) कोषबाट दाबी भुक्तानी भएको कर्जा असुलीको लागि सदस्य संस्थाले प्रचलित कानून बमोजिम कारबाही सुचारु गर्नु पर्नेछ।

(२) कोषबाट दाबी भुक्तानी भएको कर्जा आंशिक वा पूरा असुल उपर भएमा सर्वप्रथम दाबी भुक्तानी वापत प्राप्त भएको रकमको हदसम्म सदस्य संस्थाले कोषलाई फिर्ता गर्नु पर्नेछ।

(३) चल, अचल सम्पत्ति वा परियोजनाको धितोमा प्रभावित कर्जाको हकमा कर्जा असुल उपर नभएसम्म सदस्य संस्थाले त्यस्तो चल अचल सम्पत्ति वा परियोजनासँग सम्बन्धित भौतिक सम्पत्तीको सम्भावित नोक्सानी विरुद्ध कोषको सुरक्षणहित कायम हुने गरी बीमा गर्नु/गराउनु पर्नेछ र सोको नवीकरण सुनिश्चित गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम कोषमा प्राप्त दावी भुक्तानी फिर्ता रकम सुरक्षण योगदान कोषमा पूँजीकरण गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सुरक्षण योगदानकोष खारेजी पश्चात कोषमा प्राप्त दावी भुक्तानी फिर्ता रकम कोषले आम्दानी बाँध्नेछ।

(६) सदस्य संस्थाले कोषबाट दावी भुक्तानी प्राप्त कर्जाको असूली र कोषमा फिर्ता गरेको विवरणको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा कोषमा पेश गर्नु पर्नेछ।

१६. **<u>कर्जा अपलेखनः</u>** कोषबाट दाबी भुक्तानी भएपश्चात सदस्य संस्थाले ऋणीको नाममा भुक्तानी दावी प्राप्त कर्जा शीर्षक अन्तरगत लेखाङ्कन गरेको कर्जा खाता कोषको स्वीकृति लिई अपलेखन गर्न सक्नेछ ।

१७. **<u>कर्जाको विवरणको अभिलेख राख्नु पर्नेः</u>** (१) सदस्य संस्थाले कोषबाट दाबी भुक्तानी प्राप्त कर्जाको विवरण विद्युतीय प्रणालीमा सुरक्षित रुपमा अभिलेख राख्नु पर्नेछ।

१८. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस योजनामा उल्लेख भएका विषय यसै बमोजिम र यस योजनामा उल्लेख नभएका अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

१९. **<u>खारेजी र बचाउः</u>** (१) प्रादेशिक साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम योजना, २०८१ खारेज गरिएको छ।

(२) प्रादेशिक साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम योजना, २०८१ बमोजिम भए गरेका कार्यहरु यसै योजना बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सम्झौतापत्र</u>**

लिखितम् निक्षेप तथा कर्जा सुरक्षण कोष, .............. (यसपछि "कोष" भनिएको) र ....... लिमिटेड, ............. (यसपछि "सदस्य संस्था" भनिएको) बीच कर्जा सुरक्षण नियमावली, २०७५ (यसपछि "नियमावली" भनिएको) र **<u>सुरक्षण योगदानमा आधारित कर्जाको पोर्टफोलियो सुरक्षण योजना, २०८२</u>** (यसपछि "सुरक्षण योजना" भनिएको) तथा देहायको शर्तको अधीनमा रही सदस्य संस्थाले प्रदान गरेको सम्पूर्ण कर्जा समावेश हुने गरी कर्जा सुरक्षण गर्न गराउन दुवै पक्षको सहमति भएकोले सुरक्षण योजनाको व्यवस्था बमोजिम कोषको/सदस्य संस्थाको .......... कार्यालय, ........... मा बसी यो सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

१. सदस्य संस्थाले सुरक्षण योजना बमोजिम प्रदान भएका सम्पूर्ण कर्जाको सुरक्षण वापत कोषलाई देहाय बमोजिम वार्षिक सुरक्षण शुल्क त्रैमासिक रुपमा कोषमा बुझाउनु पर्नेछ।

क ...................

ख ...................

ग ................

.......................

२. सदस्य संस्थाले सुरक्षण योजना बमोजिमको कर्जा प्रदान गरी कोषमा सुरक्षण गराएकोमा सुरक्षण योजनाको दफा १२ बमोजिम दाबी भुक्तानी पाउनेछ र त्यस्तो दाबी सम्बन्धमा सुरक्षण योजना बमोजिम कोषले माग गरेका कागजात तथा अन्य विवरणहरु कोषलाई उपलब्ध गराउनु पर्नेछ।

३. कोषले सुरक्षण योजनाले तोकेको व्यवसायमा प्रदान गरेको कर्जा बाहेक अन्य व्यवसायमा प्रदान गरेको कर्जाको सुरक्षण गर्ने छैन।

४. सुरक्षण योजना बमोजिम प्रवाह गरेको कर्जा सम्बन्धी खाता र सोसँग सम्बन्धित कागजातहरु तथा परियोजनाको कोषको कर्मचारी वा कोषले तोकेको कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न सक्नेछ।

५. नेपाल राष्ट्र बैंकको निर्देशिका, सदस्य संस्थाको कर्जा नीति साथै सुरक्षण योगदानकर्ताले निर्धारण गरेको कर्जासँग सम्बन्धित शर्त, वा प्रचलित कानून विपरित प्रदान गरिएको कर्जा असुल उपर नभएमा कोष उपर कुनै दाबी लाग्ने छैन।

६. सदस्य संस्थाले असुल उपर नभएको कर्जा कोषमा दाबी गर्दा वा सो सम्बन्धमा पत्राचार गर्दा वा विवरण वा अन्य कागजात दाखिला गर्दा त्यस्ता दाबी, पत्राचार, विवरण तथा कागजातमा सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिले दस्तखत गर्नु पर्नेछ।

७. सुरक्षण योजना बमोजिम सुरक्षण हुने कर्जाको मासिक विवरण नियमावलीको अनुसूची-१३ बमोजिमको ढाँचामा प्रचलित कानुनी व्यवस्था बमोजिमको कर्जा वर्गीकरण (असल, सुक्ष्म निगरानि, शंकास्पद र खराब) तथा जोखिम मूल्याङ्कन प्रतिवेदन बमोजिमको जोखिमस्तर (उच्च, मध्यम, न्यून) समेत उल्लेख गरी सदस्य संस्थाले कोषमा बुझाउनु पर्नेछ।

८. सदस्य संस्थाले सुरक्षण योजना बमोजिम प्रवाहित प्रत्येक कर्जाको छुट्टा छुट्टा वार्षिक जोखिम विश्लेषण गरी सोको प्रतिवेदन सम्बन्धित ऋणीको कर्जा फाईलमा अद्यावधिक गर्नुपर्नेछ ।

९. सुरक्षण योजनामा कुनै संशोधन भए कोषले सदस्य संस्थालाई सोको जानकारी गराउनु पर्नेछ।

१०. यस सम्झौता बमोजिम कोषको दायित्व तथा सदस्य संस्थालाई प्राप्त हुने सुरक्षण हितसँग सम्बन्धित विषयहरु कोषको सुरक्षण योगदानमा आधारित कर्जाको पोर्टफोलियो सुरक्षण योजना, २०८२ बमोजिम हुनेछ ।

११. कोषले यस योजना बमोजिम गर्ने गैह्र स्थलगत तथा सुपरीवेक्षण तथा अनुगमन कार्यका लागि सदस्य संस्थाले कोषको सम्बन्धित कर्मचारीलाई आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्नेछ ।

१२. सदस्य संस्थाले सुरक्षण योजना बमोजिम चल, अचल सम्पत्ति वा परियोजनासँग सम्बन्धित भौतिक सम्पत्तीको सम्भावित नोक्सानी विरुद्ध बीमा गर्दा गराउँदा कोषको सुरक्षणहित कायम हुने गरी बीमा गर्नु/गराउनु पर्नेछ र सोको नवीकरण सुनिश्चित गर्नु पर्नेछ।

१३. यो सम्झौता मिति ...................... देखि लागू हुनेछ।

(नोट यस योजना तथा कर्जा सुरक्षणसँग सम्बन्धित प्रचलित कानूनको विपरित नहुने गरी बैंक तथा वित्तीय संस्था एवं सुरक्षण योगदानकर्ताको सहमतिमा आवश्यक थप बुँदाहरु समावेश गर्न सकिनेछ।)

| | |
|---|---|
| **कोषको तर्फबाट** | **................ को तर्फबाट** |
| दस्तखतः ................... | दस्तखतः .................... |
| नामः ........................ | नामः .......................... |
| दर्जाः ....................... | दर्जाः ......................... |
| कार्यालयको छापः | कार्यालयको छापः |
| **साक्षी** | **साक्षी** |
| दस्तखतः ....................... | दस्तखतः .................... |
| नामः ..................... | नामः .......................... |
| दर्जाः ....................... | दर्जाः ......................... |
| ठेगानाः निक्षेप तथा कर्जा सुरक्षण कोष, ...............। | ठेगानाः ......................। |

इति संवत् २०.... साल ......... महिनाको ....... गते रोज् ........ शुभम्।

## अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## सम्झौता पत्रको ढाँचा

निक्षेप तथा कर्जा सुरक्षण कोष,............ (यसपछि “पहिलो पक्ष/कोष" भनिएको) ............... सरकार, ...... मन्त्रालय, ......... प्रदेश, ........... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाँउपालिका ........ दातृ निकाय वा विकास साझेदार (यसपछि “दोस्रो पक्ष/सुरक्षण रकम योगदानकर्ता" भनिएको) बीच दोस्रो पक्षले आफ्नो क्षेत्राधिकार भित्रका साना तथा मझौला उद्यम व्यवसायहरुमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित हुने कर्जामा अन्तर्निहित जोखिम न्यूनीकरण तथा साझेदारीका लागि ........... वा मिश्रित वित्तीय लगानी प्रयोजन (Blended Financing) का लागि स्थापना गरेको परियोजना (यसपछि “परियोजना” भनिएको) सँग सम्बन्धित नीति, कार्यविधि वा मार्गदशर्नमा तोकिए बमोजिम बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित हुने कर्जाको सुरक्षण गर्न दोस्रो पक्षको योगदानमा पहिलो पक्षले संचालन तथा व्यवस्थापन गर्ने गरी स्थापना गरेको सुरक्षण कोष ...... (यसपछि “सुरक्षण योगदान कोष" भनिएको) को स्थापना र सञ्चालन गर्ने सन्दर्भमा निम्न शर्तहरुको पालना गर्ने गरी साक्षीको रोहवरमा दुवै पक्ष एक आपसमा मन्जुर भई यस सम्झौतापत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/ दियौं।

**क. पहिलो पक्षले देहायका शर्तहरु पालना गर्नु पर्नेछः-**

(१) कर्जा सुरक्षण नियमावली, २०७५ तथा सो अन्तर्गत बनेका विनियम, कार्यविधी तथा **सुरक्षण योगदानमा आधारित कर्जाको पोर्टफोलियो सुरक्षण योजना, २०८२** (यसपछि “सुरक्षण योजना” भनिएको) को अधिनमा रही दोस्रो पक्षले सञ्चालन गर्ने परियोजनासँग सम्बन्धित नीति, कार्यविधि वा मार्गदर्शनमा तोकिए बमोजिमका कृषि, उद्योग, सेवा व्यवसाय आदि क्षेत्रमा पहिलो पक्षको सुरक्षण योजनामा आबद्ध बैंक तथा वित्तीय संस्थाहरु (यसपछि “सदस्य संस्था” भनिएको) ले प्रवाह गर्ने प्रति ऋणी ........... सम्मका कर्जाहरुको सुरक्षण गर्ने।

(२) सदस्य संस्थासँग आवश्यकता अनुसार सम्झौता गर्ने।

(३) सुरक्षण योजनाको अधिनमा रही सदस्य संस्थालाई कर्जाको क्षतिपूर्ति दावी भूक्तानी दिने।

(४) सदस्य संस्थाबाट प्रवाहित कर्जाको सुरक्षण तथा सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भूक्तानीलाई सरल, सहज एवं छिटोछरितो बनाउन प्रभावकारी प्रक्रिया तथा कार्यप्रणाली अनुसरण गर्ने।

(५) कर्जा सुरक्षणको शिलशिलामा सदस्य संस्थाले कुनै विषयमा पूर्वस्वीकृति वा निकासा माग गरेमा पन्ध्र कार्यदिन भित्र सो सम्बन्धमा आवश्यक निर्णय लिई सम्बन्धित संस्थालाई जानकारी गराउने।

(६) सुरक्षण योजनाको दफा ९ बमोजिम कोषले व्यवस्थपन शुल्क वापत वार्षिक ..... प्रतिशतको दरले हुने रकम दफा ८ बमोजिमको सुरक्षण योगदान कोषको मौज्दातबाट असूल गर्नेछ।

(७) सदस्य संस्थाले लगानी गरेको कर्जा असूली सम्बन्धमा प्रचलित कानूनले तोकेको प्रक्रिया पूरा गर्दा समेत कर्जा असुल उपर हुन नसकेमा त्यस्तो कर्जा अपलेखनको लागि सम्बन्धित सदस्य संस्थालाई कोषको अपलेखन सम्बन्धी प्रचलित व्यवस्था बमोजिम कर्जा अपलेखनका लागि स्वीकृती प्रदान गर्ने।

(८) सुरक्षण योगदान कोषमा रहेको लगानी योग्य रकमलाई सुरक्षा र तरलता व्यवस्थापनको आधारमा कोषको लगानी सम्बन्धी प्रचलित व्यवस्था बमोजिम लगानी गर्ने ।

(९) सदस्य संस्था र ऋणीहरुको विवरण विद्युतीय प्रणालीको विकास गरी सुरक्षित रुपमा राख्ने।

(१०) दोस्रो पक्षको परियोजनाको उद्देश्य कार्यान्वयनका लागि परियोजनासँग सम्बन्धित सरोकारवाला, कार्यान्वयन ईकाइ तथा संयन्त्रसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने।

(११) दोस्रो पक्षले गठन गर्ने परियोजना कार्यान्वयनसँग सम्बन्धित सरोकारवाला ईकाई तथा संयन्त्रको बैठकमा आवश्यकता अनुसार सहभागी हुने।

(१२) परियोजनासँग सम्बन्धित सुरक्षण योगदान कोषको छुट्टै विवरण तयार गर्ने।

(१३) सदस्य संस्थाले पेश गरेको कर्जा सुरक्षण सम्बन्धी विवरणको सम्बन्धमा स्थलगत तथा गैरस्थलगत अनुगमन गर्ने।

(१४) कर्जा सुरक्षणको विवरणसहितको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा दोस्रो पक्षलाई उपलब्ध गराउने ।

**ख. दोस्रो पक्षले पालना गर्नु पर्ने शर्तहरुः**

(१) दोस्रो पक्षले सुरक्षण योगदानकर्ताको कार्य गर्नेछ।यसका लागि दोस्रो पक्षको अधिकार क्षेत्र भित्रका साना तथा मझौला उद्यम व्यवसायमा कर्जा प्रवाहका लागि सदस्य बैंकले निर्धारण गरेको त्रैमासिक लक्ष्य अनुरुप प्रवाहित हुने कर्जाको न्यूनतम .....% (....... प्रतिशत) ले हुन आउने रकम पहिलो पक्षले संचालन गर्ने सुरक्षण कोषमा योगदानकर्ता र कोष विचको आपसी सहमतिमा तय भए बमोजिम एकै किस्तामा वा एक भन्दा बढी किस्तामा योगदान गर्नेछ ।

(२) दोस्रो पक्षले साना तथा मझौला उद्यम जोखिम न्यूनीकरण कोषका लागि परियोजना कार्यान्वयन इकाईको स्थापना गरी सञ्चालन गर्नेछ ।

(३) सुरक्षण कोषको संचालन सम्बन्धमा पहिलो पक्षलाई आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गर्नेछ ।

(४) सुरक्षण योजनासँग सम्बनधित तालिम, सचेतनामुलक कार्यक्रम संचालन गर्ने, गराउने तथा सम्बद्ध सरोकारवालालाई आवश्यक सहयोग तथा सहजीकरण गर्नेछ ।

(५) परियोजना कार्यान्वयनको अनुगमन गर्नेछ ।

(६) परियोजनासँग सम्बद्ध सरोकारवालाहरुको सहभागितामा अर्ध वार्षिक र वार्षिक प्रगति समिक्षा गर्नेछ ।

**ग. दुवै पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

(१) यो सम्झौतापत्र पक्षहरुको हस्ताक्षर भएको मितिले ....... वर्षसम्म बहाल रहनेछ । दुवै पक्षको सहमतिमा सम्झौताको अवधि थप गर्न सकिनेछ ।

(२) कुनै पक्षलाई सम्झौता रद्द गर्नुपर्ने विशेष अवस्था आएमा सम्झौदा रद्द गर्नु पर्ने आधार र कारण सहित सम्झौता रद्द हुने दिन भन्दा साठी दिन अगावै सम्झौता रद्द गर्न चाहेको पक्षले अर्को पक्षलाई लिखित रुपमा जानकारी गराई सम्झौता रद्द गर्न सक्नेछ।

(३) उपबुँदा (१) बमोजिम यो सम्झौताको अवधी समाप्त भएमा वा उपबुँदा (२) बमोजिम रद्द भएमा सो पश्चात पहिलो पक्षले परियोजना अन्तर्गत बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको सुरक्षण गर्ने छैन र दोस्रो पक्षले पनि सुरक्षण योगदान कोषमा कुनै पनि रकम योगदान गर्ने छैन ।

(४) उपबुँदा (१), (२) र (३) मा जुनसुकै कुरा उल्लेख भएको भए तापनि दोस्रो पक्षको परियोजना अन्तरगत पहिलो पक्षले सुरक्षण प्रदान गरेका सम्पूर्ण कर्जाको सुरक्षण दायित्व पूर्ण रुपले चुक्ता नभएसम्म यस सम्झौता बमोजिम स्थापना हुने सुरक्षण योगदान कोष यथावत कायमै रहने छ र पहिलो पक्षले सम्झौता अवधिभित्र सुरक्षित गरेका कर्जाको दावी भूक्तानी पूर्ण रुपमा चुक्ता भईसके पश्चात समेत उक्त कोषमा कुनै रकम मौज्दात रहन गएको खण्डमा त्यस्तो मौज्दात रकम सुरक्षणयोगदानकर्ताले भविष्यमा संचालन गर्ने समान प्रकृतिका परियोजना वा सुरक्षण कोषमा प्रतिस्थापन गरी दिने वा योगदानकर्तालाई फिर्ता दिने दायित्व पहिलो पक्षको हुनेछ ।

(५) यो सम्झौता पत्रमा संशोधन गर्न आवश्यक भएमा दुवै पक्षको आपसी सहमतिमा गर्न सकिनेछ।

(६) यस सम्झौतामा उल्लेख भएका विषयहरु यसै सम्झौता बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) यस सम्झौताको कार्यान्वयनमा विवाद आएमा सोको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

**कोषको तर्फबाट** **...........को तर्फबाट**

| | |
|---|---|
| दस्तखतः ..................... | दस्तखतः ...................... |
| नामः .......................... | नामः ............................ |
| दर्जाः ......................... | दर्जाः ........................... |
| छापः | छापः |

| **साक्षी** | **साक्षी** |
|---|---|
| दस्तखतः ......................... | दस्तखतः ...................... |
| नामः ....................... | नामः ............................ |
| दर्जाः ......................... | दर्जाः ........................... |
| ठेगानाः निक्षेप तथा कर्जा सुरक्षण कोष, ................। | ठेगानाः .......................... |

इति संवत् २०..... साल .......... महिनाको ........ गते रोज् ......... शुभम्।

**अनुसूची-३**

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

सुरक्षण कर्जाको प्रगति प्रतिवेदनको ढाँचा

**<u>आ.व. ........ ......... त्रैमासिक प्रतिवेदन</u>**

| क्र.सं. | सदस्य संस्थाको नाम | कर्जा संख्या | स्वीकृत कर्जाको रकम | प्रवाहित कर्जा रकम | बाँकी कर्जाको साँवा | बाँकी व्याज | कुल जम्मा बाँकी | भुक्तानी म्याद नाघेको कर्जा रकम (सँवा व्याज) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची — ४

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित )

<u>भुक्तानी दाबी पत्रको ढाँचा</u>

पत्रसंख्याः मितिः.........

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
टंगाल, काठमाण्डौ ।

विषयः— **<u>सुरक्षण कर्जाको दाबी वारे ।</u>**

त्यस कोषसँग सम्झौता भए बमोजिम यसैसाथ संलग्न कर्जाको विवरण अनुसार जम्मा कर्जा संख्या ........ रकम रु. ................ (अक्षरेपी ............................................) को भुक्तानी पाउन देहायका कागजात संलग्न गरी यो निवेदन पेश गरको छु ।

(१) यस पत्रसाथ संलग्न विवरणहरु मैले जाने बुझेसम्म सत्य छन् । दाबी गरिएका कर्जाहरुमा यस ...................................को कुनै पनि कर्मचारीको हेलचेत्र्याईं वा बदनियत भएको छैन ।

(२) दाबी गरिएका कर्जाहरुको २०.....आषाढ/आश्विन/पौष/चैत्र मसान्तसम्मको सुरक्षण शुल्क वुझाएको प्रमाणित गर्दछौं ।

(३) उपरोक्त कर्जाहरु सुरक्षण योगदानमा आधारित कर्जाको पोर्टफोलियो सुरक्षण योजना, २०८२ को अधिनमा रही सुरक्षण गरिएको हो ।

**<u>संलग्न कागजातः</u>**

(क) दाबी कर्जाको विवरण,

(ख) निरीक्षण प्रतिवेदनको प्रतिलिपिहरु,

(ग) कर्जाको हिसावको पूर्ण विवरण (लेजर) को प्रतिलिपी,

(घ) धितो लिलाम बिक्री कारवाही सम्बन्धी कागजातका प्रतिलिपी

<u>सदस्य संस्थाको तर्फवाट अख्तियार प्राप्त व्यक्तिको,</u>

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

अनुसूची-५

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित )

भुक्तानी दाबी कर्जाको विवरण

सदस्य संस्थाको नाम :

शाखाको नाम :-

| कर्जा नम्बर | ऋणीको नाम, थर | क्षेत्र/ व्यवसाय | कर्जा स्वीकृत गरिएको | | कर्जा लगानी | | कर्जाको अन्तिम भुक्तानी मिति | दाबी हिसाव मा सारेको मिति | कर्जाको भुक्तानी मिति सम्मको बांकी कर्जा रकम | | | धितोको विवरण | | | असूली कारवाही गरेको मिति | कर्जा असुल उपर हुन नसकको कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | रकम | मिति | रकम | | | साँवा | ब्याज | जम्मा | किसिम | मुल्यांकन रकम | रोक्का मिति | | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) | (१२) | (१३) | (१४) | (१५) | (१६) | (१७) |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

**अनुसूची-६**

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित )

**<u>दोस्रो किस्ताको रकम माग गर्ने निवेदनको ढाँचा</u>**

पत्र सङ्ख्याः मितिः

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

**विषयः <u>दोस्रो किस्ताको रकम माग सम्बन्धमा।</u>**

त्यस कोषको मिति ............................ को दाबी नं. .................... बाट स्वीकृत दाबी कर्जामध्ये कर्जा सङ्ख्या .................... को भुक्तानी बाँकी दोस्रो किस्ताको रकम रु. .......................... (अक्षरेपी ...................... ) उपलब्ध गराईदिनुहुन देहाय बमोजिमको कागजात तथा विवरण संलग्न गरी यो निवेदन पेश गरेको छुः-

**<u>संलग्न कागजात तथा विवरण</u>**

क) अनुसूची - ७ बमोजिमको विवरण,

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिकोः—

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची - ७

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित )

<u>दोस्रो किस्ताको रकम भुक्तानी विवरण</u>

सदस्य संस्थाः .............................

| क्र.सं. | कर्जा नं | ऋणीको नाम थर | दाबी स्वीकृत रकम | भुक्तानी प्राप्त रकम (पहिलो किस्ता) | | | दोस्रो किस्ताको रकम | कट्टी रकम | खूद भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दावी नं | मिति | रकम | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| .. | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |